# नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०५१।२।९

संशोधन

१. नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (पहिलो संशोधन) नियमहरु, २०७३ — २०७३।८।१३

२. नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरु, २०८० — २०८०।४।२२

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छः-

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "नेपाल वन सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरु, २०५१ रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,-

(क) "ऐन" भन्नाले निजामती सेवा ऐन, २०४९ सम्झनु पर्छ ।

(ख) "नियमावली" भन्नाले निजामती सेवा नियमावली, २०५० सम्झनु पर्छ ।

(ग) "सेवा" भन्नाले नियम ३ बमोजिमको नेपाल वन सेवा सम्झनु पर्छ ।

(घ) "समूह" भन्नाले नियम ४ को उपनियम (१) बमोजिमको समूह सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले नेपाल वन सेवाका निजामती कर्मचारी सम्झनु पर्छ ।

३. **सेवाको गठनः** ऐनको दफा ३ बमोजिम नेपाल वन सेवा गठन गरिएको छ ।

नेपाल कानून आयोग

४. **<u>सेवामा रहने समूह, श्रेणी र पदः</u>** (१) सेवामा कामको प्रकृति, सो काम सम्पादन गर्न चाहिने न्यूनतम शैक्षिक योग्यता र कार्य विशिष्ठता समेतको आधारमा सेवाभित्रको समान प्रकृतिका पदहरु समावेश भएका अनुसूची-१ बमोजिमका समूहहरु रहने छन् ।

(२) सेवामा देहायका श्रेणीहरु रहनेछन्ः-

(क) राजपत्राङ्कित

(१) विशिष्ट श्रेणी,

(२) प्रथम श्रेणी,

(३) द्वितीय श्रेणी र

(४) तृतीय श्रेणी ।

(ख) राजपत्र अनङ्कित

(१) प्रथम श्रेणी,

(२) द्वितीय श्रेणी,

(३) तृतीय श्रेणी र

(४) चतुर्थ श्रेणी ।

(३) सेवाको विशिष्ट श्रेणीमा नेपाल सरकारले तोके बमोजिमका पदहरु रहन सक्नेछन् ।

(४) विभिन्न समूहमा रहने श्रेणीका र श्रेणी विहिन पदहरु अनुसूची-२ बमोजिम हुनेछन् ।

□(५) उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि राजपत्राङ्कित प्रथम श्रेणीको महानिर्देशक पद समूहीकृत हुने छैन र त्यस्तो पदमा जुनसुकै समूहका कर्मचारीको सरुवा वा पदस्थापना हुन सक्नेछ ।

□(६) उपनियम (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिमको समूहीकृत नहुने पदमा सरुवा वा पदस्थापन भएको कर्मचारी निजको सम्बन्धित समूहको पदमा सरुवा हुन सक्नेछ ।

---

□ पहिलो संशोधनद्वारा थप ।



नेपाल कानून आयोग

□(७) उपनियम (५) बमोजिमको पदमा बहाल रहेको कर्मचारी माथिल्लो श्रेणीको पदमा बढुवा भई वा सेवाबाट अवकाश भई आफ्नो पदमा नरेहमा निजको सम्बन्धित समूहको पद रिक्त भएको मानिनेछ ।

५. **<u>समूहीकृत हुने</u>**: (१) यी नियमहरु प्रारम्भ हुँदाका बखत नेपाल वन सेवाको जनरल फरेष्ट्री समूह, स्वायल एण्ड वाटर कन्जरभेशन समूह, वोटनी समूह, नेसनल पार्क्स एण्ड वाईल्ड लाइफ समूह, फरेष्ट रिसर्च समूह र हात्तिसार समूहमा समूहीकृत भई कार्यरत रहेका कर्मचारीहरु तत् तत् समूहमा समूहीकृत भएका मानिने छन् ।

(२) यी नियमहरु प्रारम्भ हुँदाका बखत नेपाल वन सेवामा कार्यरत कर्मचारीहरु मध्ये उपनियम (१) बमोजिमका कर्मचारीहरु बाहेक अन्य कर्मचारीहरुलाई निजहरु बहाल रहने समूहमा पद सहित निर्धारण गरी जानकारी गराइनेछ ।

▽(३) यो उपनियम प्रारम्भ हुँदाका बखत नेपाल विविध सेवाको राजपत्राङ्कित द्वितीय श्रेणीको वरिष्ठ वातावरण अधिकृत पदमा बहाल रहेका वा नेपाल विविध सेवा, राजपत्राङ्कित तृतीय श्रेणीको वातावरण निरीक्षक पदमा नियुक्ति पाई बहाल रहेका कर्मचारी नेपाल वन सेवा, वातावरण समूहको सम्बन्धित श्रेणीको पदमा समूहीकृत भएको मानिनेछ।

६. **<u>रिक्त पदको पूर्ति</u>**: (१) सेवा तथा समूहका रिक्त पदहरुको पूर्ति ऐनको दफा ७ को उपदफा (१) बमोजिम हुनेछ ।

(२) श्रेणी विहिन पदहरु शुरु नियुक्तिद्वारा पूर्ति गर्दा खुला प्रतियोगिताद्वारा गरिनेछ ।

७. **<u>नियुक्तिको लागि योग्यता</u>**: सम्बन्धित समूहको रिक्त पदमा खुला प्रतियोगिताद्वारा पूर्ति गर्दा ऐनको दफा १० बमोजिम अयोग्य नभएका र अनुसूची-३ बमोजिमको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु उम्मेदवार हुन सक्नेछन् ।

८. **<u>सरुवाको व्यवस्था</u>**: समूहका कर्मचारीलाई सरुवा गर्दा नियमावलीको परिच्छेद ६ को अधीनमा रही समूह भित्रको पदमा मात्र सरुवा गरिनेछ ।

---

□ पहिलो संशोधनद्वारा थप ।

▽ दोस्रो संशोधनद्वारा थप ।

९. **शैक्षिक योग्यता सम्बन्धी व्यवस्थाः** कार्यक्षमताको मूल्याङ्कनद्वारा बढुवा हुनको निमित्त राजपत्राङ्कित पदहरुको हकमा नियमावलीको नियम ८१ को उपनियम (३) बमोजिमको शैक्षिक योग्यता र राजपत्र अनङ्कित पदहरुको हकमा तत् तत् पदहरुमा सेवा प्रवेशको लागि निर्धारित शैक्षिक योग्यता आवश्यक पर्नेछ ।

तर यी नियमहरु प्रारम्भ हुँदाको बखत कुनै समूहमा बहाल रहेका कर्मचारीको हकमा निजले त्यस्तो समूहमा प्रवेश गर्दा तत्काल प्रचलित कानून बमोजिम तोकिएको शैक्षिक योग्यता नै यस नियमको प्रयोजनको निमित्त न्यूनतम शैक्षिक योग्यता मानिनेछ ।

[n]१०. **सेवा, समूह सञ्चालन सम्बन्धी व्यवस्थाः** नीतिगत कुराहरुमा नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसँग समन्वय राखी सेवा, समूहहरुको सञ्चालन र प्रशासन नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले गर्नेछ ।

११. **अनुसूचीमा हेरफेर वा थपघटः** नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

१२. **खारेजी र बचाउः** (१) नेपाल वन सेवा (गठन) नियम २०१६, नेपाल वन सेवा (समूह तथा श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमहरु, २०३३ र हात्तिसार समूह (श्रेणी विभाजन, नियुक्ति र बढुवा) नियमावली, २०४० खारेज गरिएका छन् ।

(२) उपनियम (१) मा उल्लिखित नियमावली तथा नियमहरु बमोजिम भए गरेका काम कारबाहीहरु यी नियमहरु बमोजिम नै भए गरेको मानिनेछन् ।

---

[n] दोस्रो संशोधनद्वारा संशोधित ।

द्रष्टव्यः केही नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।

अनुसूची-१

(नियम ४ को उपनियम (१) सँग सम्बन्धित)

**सेवामा रहने समूहहरु**

(क) जनरल फरेष्ट्री

(ख) स्वायल एण्ड वाटर कन्जरभेशन

(ग) वोटनी

(घ) नेशनल पार्क्स एण्ड वाइल्ड लाइफ

(ङ) फरेष्ट रिसर्च

(च) हात्तिसार

▽(छ) वातावरण

नेपाल कानून आयोग

▽ दोस्रो संशोधनद्वारा थप ।

[n]अनुसूची-२

(नियम ४ को उपनियम (४) सँग सम्बन्धित)

**सेवा वा समूहमा रहने पदहरुको नाम**

| (क) जनरल फरेष्ट्री | (ख) स्वायल एण्ड वाटर कन्जरभेसन | (ग) नेशनल पार्कस एण्ड वाइल्ड लाइफ | (घ) बोटानी | (ङ) फरेष्ट रिसर्च | (च) हात्तिसार | (छ) वातावरण |
|---|---|---|---|---|---|---|
| **१ .राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद** | **१ .राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद** | **१ .राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद** | **१ .राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद** | **१ .राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद** | | **१ .राजपत्राङ्कित प्रथम श्रेणीमा रहने पद** |
| उपमहानिर्देशक | उपमहानिर्देशक | उपमहानिर्देशक | उपमहानिर्देशक | उपमहानिर्देशक | | उपमहानिर्देशक |
| प्रमुख तालिम अधिकृत | महाशाखा प्रमुख | महाशाखा प्रमुख | केन्द्र प्रमुख | महाशाखा प्रमुख | | महाशाखा प्रमुख |
| महाशाखा प्रमुख | केन्द्र प्रमुख | केन्द्र प्रमुख | सहसचिव (प्रा.) | केन्द्र प्रमुख | | केन्द्र प्रमुख |
| केन्द्र प्रमुख | सहसचिव (प्रा.) | सहसचिव (प्रा.) | | सहसचिव (प्रा.) | | सहसचिव (प्रा.) |
| सहसचिव (प्रा.) | | | | | | |

नेपाल कानून आयोग

[n] दोस्रो संशोधनद्वारा संशोधित ।

| २ .राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २ .राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २ .राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २ .राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | २ .राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद | | २ .राजपत्राङ्कित द्वितीय श्रेणीमा रहने पद |
|---|---|---|---|---|---|---|
| वरिष्ठ योजना अधिकृत | वरिष्ठ योजना अधिकृत | वरिष्ठ योजना अधिकृत | वरिष्ठ योजना अधिकृत | वरिष्ठ योजना अधिकृत | | वरिष्ठ वातावरण निरीक्षक |
| वरिष्ठ अनुगमन तथा मूल्याङ्कन अधिकृत | वरिष्ठ अनुगमन तथा मूल्याङ्कन अधिकृत | वरिष्ठ अनुगमन तथा मूल्याङ्कन अधिकृत | वरिष्ठ अनुगमन तथा मूल्याङ्कन अधिकृत | वरिष्ठ तालिम अधिकृत | | |
| वरिष्ठ तालीम अधिकृत | वरिष्ठ तालीम अधिकृत | वरिष्ठ तालीम अधिकृत | वरिष्ठ तालीम अधिकृत | वरिष्ठ अनुसन्धान अधिकृत | | |
| वरिष्ठ सामुदायिक वन विकास अधिकृत | वरिष्ठ अनुगमन अधिकृत | वरिष्ठ अनुसन्धान अधिकृत | वरिष्ठ खाद्य अनुसन्धान अधिकृत | वरिष्ठ दुरसम्बेदन अधिकृत | | |
| वरिष्ठ वृक्ष सुधार अधिकृत | वरिष्ठ अनुसन्धान अधिकृत | वरिष्ठ व्यवस्थापन अधिकृत | वरिष्ठ खाद्य प्रयोगशाला अधिकृत | वरिष्ठ सर्भेक्षण अधिकृत | | |
| वरिष्ठ प्रचार प्रसार अधिकृत | वरिष्ठ जलाधार संरक्षण अधिकृत | वरिष्ठ संरक्षण अधिकृत | वरिष्ठ खाद्य गुण नियन्त्रक | वरिष्ठ बायो-मेट्रोसियन | | |
| वरिष्ठ वन संरक्षण अधिकृत | वरिष्ठ जलाधार व्यवस्थापन अधिकृत | वरिष्ठ संरक्षण शिक्षा अधिकृत | वरिष्ठ वैज्ञानिक अधिकृत | वरिष्ठ मानचित्रण अधिकृत | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वरिष्ठ वन व्यवस्थापन अधिकृत | वरिष्ठ भू-संरक्षण अधिकृत | वरिष्ठ इकोलोजिष्ट | उप सचिव (प्रा.) | वरिष्ठ चित्रण अधिकृत | | |
| वरिष्ठ वन पैदावार अधिकृत | वरिष्ठ प्रविधि प्रसार अधिकृत | उप सचिव (प्रा.) | | वरिष्ठ ऊर्जा अधिकृत | | |
| वरिष्ठ वन अधिकृत | वरिष्ठ प्रविधि विकास अधिकृत | | | उप सचिव (प्रा.) | | |
| वरिष्ठ कबुलियती वन अधिकृत | उप सचिव (प्रा.) | | | | | |
| वरिष्ठ वन उद्यम अधिकृत | | | | | | |
| वरिष्ठ वृक्षारोपण अधिकृत | | | | | | |
| वरिष्ठ वन विउ अधिकृत | | | | | | |
| वरिष्ठ भू-सूचना व्यवस्थापन अधिकृत | | | | | | |
| वरिष्ठ वन सम्बर्द्धन अधिकृत | | | | | | |
| वरिष्ठ सहरी वन विकास अधिकृत | | | | | | |
| उप सचिव (प्रा.) | | | | | | |

| ३ .राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३ .राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३ .राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३ .राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३ .राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | १. राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद | ३ .राजपत्राङ्कित तृतीय श्रेणीमा रहने पद |
|---|---|---|---|---|---|---|
| योजना अधिकृत | योजना अधिकृत | योजना अधिकृत | योजना अधिकृत | योजना अधिकृत | शाखा अधिकृत (हात्तिसार) | वातावरण निरीक्षक |
| अनुगमन तथा मूल्याङ्कन अधिकृत | तालीम अधिकृत | अनुगमन तथा मूल्याङ्कन अधिकृत | अनुगमन तथा मूल्याङ्कन अधिकृत | तालिम अधिकृत | | |
| तालिम अधिकृत | अनुगमन अधिकृत | तालिम अधिकृत | तालिम अधिकृत | अनुसन्धान अधिकृत | | |
| सामुदायिक वन विकास अधिकृत | अनुसन्धान अधिकृत | अनुसन्धान अधिकृत | अनुसन्धान अधिकृत | दुरसम्बेदन अधिकृत | | |
| वृक्ष सुधार अधिकृत | जलाधार संरक्षण अधिकृत | व्यवस्थापन अधिकृत | खाद्य अनुसन्धान अधिकृत | सर्भेक्षण अधिकृत | | |
| प्रचार प्रसार अधिकृत | जलाधार व्यवस्थापन अधिकृत | संरक्षण अधिकृत | खाद्य प्रयोगशाला अधिकृत | बायो-मेट्रिसियन | | |
| वन संरक्षण अधिकृत | भू-संरक्षण अधिकृत | संरक्षण शिक्षा अधिकृत | खाद्य गुण नियन्त्रक | मानचित्रण अधिकृत | | |
| वन व्यवस्थापन अधिकृत | प्रविधि प्रसार अधिकृत | इकोलोजिष्ट | वैज्ञानिक अधिकृत | फोटो अधिकृत | | |
| वन पैदावार अधिकृत | प्रविधि विकास अधिकृत | प्रचार प्रसार अधिकृत | इकोलोजिष्ट | अर्थ विज्ञ | | |

नेपाल कानून आयोग

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वन अधिकृत | फरेष्ट हाइड्रोलजिष्ट | | प्रचार प्रसार अधिकृत | | | |
| कबुलियत वन अधिकृत | प्रचार प्रसार अधिकृत | | उद्यान अधिकृत | | | |
| **४ .राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | **४ .राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | **४ .राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | **४ .राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | | **२. राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** | **४ .राजपत्र अनङ्कित प्रथम श्रेणीमा रहने पद** |
| रेञ्जर | भू-संरक्षण सहायक | प्राविधिक सहायक | सुपरभाइजर | | नायब सुब्बा (हात्तिसार) | सहायक वातावरण निरीक्षक |
| प्राविधिक सहायक | प्राविधिक सहायक (वन) | रेञ्जर | असिष्टेन्ट बोटानिष्ट | | | प्राविधिक सहायक |
| | | | हेड गार्डेनर | | | |
| | | | क्यूरेटर | | | |
| | | | प्राविधिक सहायक | | | |
| **५ .राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद** | | **५ .राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद** | **५ .राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद** | | **३. राजपत्र अनङ्कित द्वितीय श्रेणीमा रहने पद** | |
| फरेष्टर | | सिनियर गेमस्काउट | हेड-फिल्ड असिस्टेन्ट | | दरोगा | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **६ .राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद** | | **६ .राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद** | **६ .राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद** | | **४. राजपत्र अनङ्कित तृतीय श्रेणीमा रहने पद** | |
| वन कार्य सहायक (मुख्य वनपाले) | | सिनियर गेमस्काउट | फिल्ड असिस्टेन्ट | | राउत | |
| **७. राजपत्र अनङ्कित पाँचौं श्रेणीमा रहने /श्रेणी विहीन पद** | | **७ .राजपत्र अनङ्कित पाँचौं श्रेणीमा रहने / श्रेणी विहीन पद** | | | **५. राजपत्र अनङ्कित पाँचौं श्रेणीमा रहने / श्रेणी विहीन पद** | |
| वन रक्षक | | गेमस्काउट | | | फणित | |
| | | | | | पछुवा | |
| | | | | | माउत" | |

नेपाल कानून आयोग

## ⁂अनुसूची-३

**(नियम ७ सँग सम्बन्धित)**

**सेवा प्रवेशको लागि चाहिने न्यूनतम योग्यता**

(क) जनरल फरेष्ट्री समूहको लागि

| क.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | श्रेणी विहीन पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण गरी शारीरिक तन्दुरुस्त भएको । |
| २. | रा.प.अनं.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दश कक्षा उत्तीर्ण वा नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह १ को सीप परीक्षा उत्तीर्ण । |
| ३. | रा.प.अनं.द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह २ को सीप परीक्षा उत्तीर्ण ⁶वा क्षेत्रीय वन तालीम केन्द्रबाट कम्तीमा तीस कार्यदिनको वन सम्बन्धी तालीम प्राप्त गरेको । |
| ४. | रा.प.अनं.प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) र वन व्यवस्थापन मूल विषय लिई वन विज्ञानमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| ५. | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट सिल्भिकल्चर, वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन), वन संरक्षण, वन अनुसन्धान, वन व्यवस्थापन र वन्यजन्तु संरक्षण मध्ये कम्तीमा तीन विषय लिई वन विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण । |

⁂ मिति २०६८।९।४ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी हेरफेर गरिएको ।

⁶ मिति २०७३।५।२० को नेपाल राजपत्रको सूचना बमोजिम थप गरिएको ।

| | | |
|---|---|---|
| ६. | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा सिल्भिकल्चर वा वनस्रोत मापन (फरेष्ट मेन्सुरेसन) वा वन स्रोत सर्भेक्षण वा भू तथा जलाधार व्यवस्थापन वा वन्यजन्तु संरक्षण/व्यवस्थापन वा संरक्षित वन क्षेत्र व्यवस्थापन वा कृषि वन व्यवस्थापन वा वन तथा वातावरण व्यवस्थापन वा वन तथा जलवायु परिवर्तन वा प्राकृतिक स्रोत व्यवस्थापन वा जैविक विविधता विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण र ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |

(ख) स्वायल एण्ड वाटर कञ्जरभेशन समूहको लागि

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा.प.अनं.प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण । |
| २. | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इन्जिनियरिङ वा वन वातावरण विषयमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ३. | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट माटो वा जल संरक्षण वा जलाधार व्यवस्थापन वा वन विज्ञान वा कृषि इञ्जिनियरिङ वा वन वातावरण विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण र ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |

(ग) वोटनी समूहको लागि

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा.प.अनं.चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट नौ कक्षा उत्तीर्ण । |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| २. | रा.प.अनं. तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दश कक्षा उत्तीर्ण । |
| ३. | रा.प.अनं. द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरह उत्तीर्ण । |
| ४. | रा.प.अनं. प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वायोलोजी विषयमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ५. | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट मूल विषय वोटनी लिई विज्ञानमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ६. | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वनस्पति शास्त्रमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण र ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |

(घ) नेशनल पार्क्स एण्ड वाईल्ड लाइफ समूहको लागि

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | श्रेणी विहीन पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट आठ कक्षा उत्तीर्ण भई शारीरिक तन्दुरुस्त भएको । |
| २. | रा.प.अनं. चतुर्थ श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट नौ कक्षा उत्तीर्ण भई शारीरिक तन्दुरुस्त भएको । |
| ३. | रा.प.अनं.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट दश कक्षा उत्तीर्ण भई शारीरिक तन्दुरुस्त भएको । |
| [●]३क. | रा.प.अनं. द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. उत्तीर्ण भई शारीरिक तन्दुरुस्त भएको र नेपाल सरकारबाट मान्यता प्राप्त संस्थाबाट वन सम्बन्धी तह-२ को सीप परीक्षा उत्तीर्ण [६]वा क्षेत्रीय वन तालीम केन्द्रबाट कम्तीमा तीस कार्यदिनको वन सम्बन्धी तालीम प्राप्त गरेको । |

---

[●] मिति २०७०।४।७ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी थपिएको ।

[६] मिति २०७३।५।२० को नेपाल राजपत्रको सूचना बमोजिम थप गरिएको ।

| | | |
|---|---|---|
| ४. | रा.प.अनं.प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| ५. | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु व्यवस्थापन वा वाइल्ड लाइफ इकोलोजी वा पार्क्स एण्ड रिक्रियसन वा प्राकृतिक स्रोत व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ६. | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु व्यवस्थापन वा वाइल्ड लाइफ इकोलोजी वा पार्क्स एण्ड रिक्रियसन वा प्राकृतिक स्रोत व्यवस्थापन विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण र ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |

(ङ) फरेष्ट रिसर्च समूहको लागि

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | रा.प.अनं.प्रथम श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञानमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण । |
| २. | रा.प.तृतीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु/पार्क व्यवस्थापन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा वातावरण व्यवस्थापन विषयमा स्नातक वा सो सरह उत्तीर्ण । |
| ३. | रा.प.प्रथम तथा द्वितीय श्रेणीको पद | मान्यता प्राप्त शिक्षण संस्थाबाट वन विज्ञान वा वन्यजन्तु/पार्क व्यवस्थापन वा जलाधार व्यवस्थापन वा प्राकृतिक स्रोत व्यवस्थापन वा वातावरण व्यवस्थापन विषयमा स्नातकोत्तर वा सो सरह उत्तीर्ण र ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त । |

(च) हात्तीसार समूहको लागि

| क्र.सं. | पद | न्यूनतम योग्यता |
|---|---|---|
| १. | श्रेणी विहीन पद | साधारण लेखपढ गर्न जान्ने, स्वास्थ्य तन्दुरुस्त भई रुख चढ्न सक्ने र हात्ती हाँक्न जान्ने । |



नेपाल कानून आयोग

| | | |
|---|---|---|
| २. | रा.प.अनं.चतुर्थ श्रेणीको पद | सवारी सहित हात्ती हाँक्न जान्ने, हात्तीले दाना पानी खाए नखाएको छुट्याउन जानेको, हात्तीको नियन्त्रण गर्न जानेको, हात्तीको स्वास्थ्य स्याहार सुसार, खानपिन (कुची बनाउन जान्ने), हात्तीको चरिचरन सम्बन्धी ज्ञान भई हात्ती सम्बन्धी एक वर्षको अनुभव प्राप्त । |
| ३. | रा.प.अनं.तृतीय श्रेणीको पद | हात्तीको दाना पानी, खटन पटन, नियन्त्रण र सवारी चलाउ"दा प्रयोग हुने सामग्रीहरु बनाउन जान्ने र हात्तीको स्वास्थ्य सम्बन्धी ज्ञान भई हात्ती सम्बन्धी काममा पाँच वर्षको अनुभव प्राप्त । |
| ४. | रा.प.अनं.द्वितीय श्रेणीको पद | हात्तीको स्याहार सुसार, दाना पानी, स्वास्थ्य सम्बन्धी र हात्तीको कम्पाउण्ड (बस्ने ठाउँ) सम्बन्धी ज्ञान भएको, मात्तिएको हात्तीलाई नियन्त्रण गर्न सक्ने, हात्तीलाई तालीम दिन जान्ने भई हात्ती सम्बन्धी काममा चार वर्षको अनुभव प्राप्त । |
| ५. | रा.प.अनं.प्रथम श्रेणीको पद | हात्तीको स्याहार सुसार, दाना पानी (घा"स समेत), चरिचरण सम्बन्धी ज्ञान भएको, क्वारिण्टिन हाउस, तौलने पुल, घा"स थिचेर डल्लो पार्ने र दाना पिँधेर डल्लो पार्ने मेसिन, नम्बर खोप्ने मेसिनको प्रयोग गर्न जानेको, हात्ती परिचालनमा चाहिने सामानहरुको ज्ञान भएको, वन्यजन्तु बिरामी भई औषधी उपचार गर्दा हात्तीको प्रयोग गर्न जानेको, वन्यजन्तु र वन्यजन्तुको बासस्थान सम्बन्धी साधारण जानकारी, वन्यजन्तुलाई समाउँदा (Trapping) हात्तीको प्रयोग गर्न जान्ने, हात्ती भागेमा त्यसलाई कब्जामा लिन जान्ने, हात्ती र परिचालकलाई तालीम दिन जान्ने भई एक तह मुनिको पदमा कम्तीमा तीन वर्षको अनुभव प्राप्त । |

नेपाल कानून आयोग

| | | |
|---|---|---|
| ६. | रा.प.तृतीय श्रेणीको पद | मात्तिएको हात्तीलाई नियन्त्रण, हात्तीको परिचालन र हात्तीलाई तालीम दिन जान्ने, हात्तीको बच्चालाई तालीम तथा स्याहार सुसार सम्बन्धी ज्ञान भएको, वन्यजन्तुको बासस्थान र वन्यजन्तुहरुको साधारण ज्ञान भएको, वन्यजन्तु बिरामी भई उपचार गराउनु पर्दा र वन्यजन्तुलाई समाउँदा (Trapping) हात्तीको प्रयोग सम्बन्धी ज्ञान भएको र हात्तीको उमेर छुट्याउने ज्ञान भई एक तह मुनिको पदमा कम्तीमा ५ वर्षको अनुभव प्राप्त । |

[∇](छ) वातावरण समूहको लागि

| **क्रम सङ्ख्या** | **पद** | **न्यूनतम योग्यता** |
|---|---|---|
| १ | राजपत्र अनङ्कित प्रथम श्रेणीको पद | मान्यताप्राप्त शिक्षण संस्थाबाट विज्ञान विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण |
| २ | राजपत्राङ्कित तृतीय श्रेणीको पद | मान्यताप्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ्ग विषयमा कम्तीमा चार वर्षको स्नातक तह वा सो सरह उत्तीर्ण |
| ३ | राजपत्राङ्कित द्वितीय श्रेणीको पद | मान्यताप्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ्ग विषयमा स्नात्तकोतर तह वा सो सरह उत्तीर्ण र ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त |
| ४ | राजपत्राङ्कित प्रथम श्रेणीको पद | मान्यताप्राप्त शिक्षण संस्थाबाट वातावरण विज्ञान वा वातावरण व्यवस्थापन वा वातावरण इन्जिनियरिङ्ग विषयमा स्नात्तकोत्तर तह वा सो सरह उत्तीर्ण र ऐनको दफा ७ को उपदफा (१६) बमोजिमको अनुभव प्राप्त |

∇ दोस्रो संशोधनद्वारा संशोधित ।